# आम संचार तथा संचार कार्यान्वयन सम्बन्धि नमुना रणनिती

# Model Communication and Media Strategy

# ..................जिल्ला

# २०६६

Final Draft

**सहयोगः**

## पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, (RWSSP-WN), पोखरा

**सल्लाह तथा सुझावकर्ता**

अर्तो सोमिनेन , अमृत कुमार राई, एभा मैजला, लोकनाथ रेग्मी, बिमल सर्मा , संगिता खडका, गुनेश्वर महतो, गंगादत्त नेपाल, चन्द्र बिष्ट, उद्यब भटराइ, नारायण खवास, सम्मर खनाल, शसिभुसण ठाकुर, राकेश शाह, शम्भु शाह, हरी उपाध्याय, हरीशोभा गुरुङ्ग
***(पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, (RWSSP-WN), पोखरा)***

**तयार गर्नेः**
श्री भरत अधिकारी , परामर्शदाता

**सम्पादन :**

छवि गौडेल
स्वस्थ तथा सरसफाइ विज्ञ
RWSSP-WN, पोखरा

Final Draft

**यस नमुना रणनितीका सम्बन्धमा**

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाले खानेपानी, स्वस्थ तथा सरसफाइ WASH सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन कार्यक्रमलाई जिल्ला स्तरमा प्रभावकारी र दिगो बनाउनका लागि आम संचार तथा सञ्चारसम्बन्धी रणनैतिक कार्ययोजना र यस क्षेत्रमा प्रयोग गरिएका सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको पुनरावलोकन गरी प्रयोग गर्न, परिमार्जन गर्न र नयाँ बनाउनु पर्ने सामग्रीहरूबारे अध्ययन तथा सिफारीस को  लागि यो नमुना रणनिती तयार पारिएको छ । यस रणनितीको 'खण्ड क' मा आम जनसमुदायको खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि जिल्ला स्तरको रणनैतिक कार्ययोजना को बारेमा छ भने 'खण्ड ख' मा यस प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा पोषण क्षेत्रमा उत्पादित BCI materials हरूमध्ये प्रयोग गर्न मिल्ने, परिमार्जन गर्नुपर्ने तथा नयाँ उत्पादन गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरिएको छ । यसैगरी त्यस्ता सामग्रीको प्रकार, तिनको प्रयोग गरिने क्षेत्र, तिनबाट दिन सकिने सन्देश, लक्षित वर्ग तथा तिनको फाइदा र बेफाइदाका बारेमा पनि प्रष्ट पारिएको छ ।

खानेपानी स्वस्थ तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाहरुले ठूलो संख्यामा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरु उत्पादन गरेका छन् । ती अधिकांश सामग्रीमध्ये लोकप्रिय र व्यावहारिक साबित भएका सामग्रीलाई प्रयोगका लागि सिफारिस गरिएको छ । जसले यस क्षेत्रमा भइरहेको र हुन सक्ने दोहोरोपन हटाउने छ ।

लोकप्रिय र व्यावहारिक साबित भएका सामग्रीहरुको लागि निम्न संस्थाहरु मा सम्पर्क गर्न सकिने छ ।

युनिसेफ नेपाल , खानेपानी तथा ढल निकास विभाग, बाल स्वास्थ्य महाशाखा, पोषण प्रवर्धन तथा परामर्श सेवा केन्द्र (Nutrition Promoation and Consultatincy Service) , वातावरण तथा जनस्वास्थ्य संस्था (ENPHO), NEWAH.

यस क्रममा खानेपानी तथा सरसफाइ क्षेत्रमा हालसम्म उपलब्ध सूचना, शिक्षा तथा सञ्चार सामग्री (BCI Material) हरूको लेखाजोखा गरी जस्ताको तस्तै प्रयोग गर्न सकिने, भइरहेका सामग्रीहरूलाई समुदायको अगुवाईमा सञ्चालित सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन ल्याउन मद्दत पुऱ्याउने प्रकारबाट परिमार्जन गर्नु पर्ने तथा नयाँ सिर्जना गर्नु पर्ने सामग्रीहरूबारे पनि यस नमुना रणनितीमा उल्लेख गरिएको छ ।

Final Draft

# विषय सूचि


| शीर्षक | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. ध्येय | २ |
| ३. अपेक्षित उपलब्धि | २ |
| ४. प्रवाह गरिने सन्देशहरु | २ |
| ५. लक्षित वर्ग | ३ |
| **खण्ड क** | |
| ६. आम जनसमुदायको स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि जिल्ला स्तरको रणनैतिक कार्ययोजना | ४ |
| ७. संस्थागत संरचना निर्माण | ४ |
| ८. आम सञ्चार माध्यमको परिचालन | ४ |
| ९. सन्देश तथा तथ्याङ्कहरूको एकरूपता, स्थिरता र आधिकारिताका लागि सूचना बैंक स्थापना | ५ |
| १०. विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य | ६ |
| ११. स्थानीय स्तरका मौलिक कला प्रवर्धन र परिचालनमा जोड | ६ |
| १२. पैरवी सम्बन्धी व्यवस्था | ७ |
| **खण्ड ख** | |
| १३. सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि प्रयोग गरिने सूचना, शिक्षा र सञ्चार सामग्री (BCI Materials) सम्बन्धी नीतिगत व्यवस्था | ८ |
| १४. जिल्लामा प्रयोग गरिने सूचना, शिक्षा र सञ्चार (BCI) सामग्रीहरू | ११ |
| १५. प्रयोग गर्न सिफारिस गरिएका BCI सामग्रीहरू | १५ |
| १६. परिमार्जन सहित प्रयोग गर्न सिफारिस गरिएका विद्यमान BCI सामग्रीहरू | २२ |
| १७. नयाँ बनाउन सिफारिस गरिएका BCI सामग्रीहरु | २४ |
| **अनुसूचि** | |
| १८. कार्ययोजना | अ |
| १९. रेडियो सन्देशका नमूनाहरु | आ |


Final Draft

**पृष्ठभूमि :**

नेपालमा खानेपानी ,स्वस्थ तथा सरसफाइ सम्बन्धी सरकारी तथा गैरसकारी क्षेत्रबाट विभिन्न पहल हुँदै आएको भए तापनि अपेक्षित सफलता प्राप्त हुन सकेको छैन । नेपाल सरकारले वि.सं. २०७३ अर्थात् सन् २०१७ सम्ममा सम्पूर्ण नेपालीलाई खानेपानी र सरसफाइको आधारभूत सुविधा उपलब्ध गराइसक्ने लक्ष्य लिएको छ । तर यो लक्ष्य दिनदिनै चुनौतीपूर्ण बन्दैछ । किनभने हालसम्ममा ४६ प्रतिशत नेपालीले मात्र आधारभूत सरसफाइको सुविधा हासिल गरेका छन् । आधारभूत तथ्यांकको वर्तमान परिभाषाले चर्पी प्रयोगको अवस्थालाई मात्र झल्काउँछ । मानिसले स्वस्थ रहनका लागि दिगो र पूर्ण रूपमा स्वच्छता र सरसफाइसम्बन्धी बानी व्यवहार पालना नगरुञ्जेल चर्पी प्रयोगको अवस्थाले मात्र जनस्वास्थ्यमा उल्लेखनीय उपलब्धि हासिल नहुने निश्चित छ ।

समुदायको खानेपानी ,स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि समुदायका प्रत्येक सदस्यको चेतनाको तहमा वृद्धि गर्नुका साथसाथै उनीहरूले सिकेका कुरालाई व्यवहारमा लागू गराउन जोड दिनु आवश्यक छ । यस तथ्यलाई मध्यनजर गर्दै पश्चिम नेपाल  ग्रमिण खानेपानी तथा सरसफाइ कार्यक्रमले समुदायको अगुवाईमा सञ्चालित सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन (CLTBCHS) को पद्धतिको अवलम्बन गर्न जोड दिइएको छ । यस पद्धतिको मुख्य ध्येय लक्षित व्यक्ति, घरपरिवार र समुदायको स्वच्छता (hygiene) र सरसफाइसम्बन्धी आनीबानी र व्यवहारमा पूर्ण परिवर्तन (Total Behavior Change) ल्याई समुदायहरूको सम्पन्नताको अभिवृद्धि गर्नु हो । यो लक्ष्य हासिल गर्नका लागि जिल्ला स्तरमा विशिष्ट, व्यवस्थित, अनुसन्धानमुखी र यथार्थवादी सञ्चार माध्यम र सूचना/सञ्चारसम्बन्धी रणनैतिक योजनाको आवश्यकता महशुस गरिएको छ ।

जनचेतना अभिवृद्धि र व्यवहार परिवर्तनमा सञ्चार माध्यमको भूमिका अद्वितीय छ । सञ्चार माध्यमले मानिसको जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । वर्तमान युगमा आम सञ्चार माध्यम मानव जीवनको अपरिहार्य अङ्ग बन्न पुगेको छ । तर हाम्रो जस्तो विकासशील देशमा सरसफाइ, स्वास्थ्य र स्वच्छताजस्ता जनचासोका विषयहरूले आमसञ्चार माध्यममा अझसम्म पनि अपेक्षित मात्रामा प्राथमिकता पाउन सकेका छैनन् । राजनैतिक विषयवस्तु, अन्य घटना आदिले आमसञ्चार माध्यममा जसरी मुख्य स्थान ओगट्ने गरेका छन्, त्यस तुलनामा सरसफाइ, खानेपानी, स्वास्थ्यका विषयले ज्यादै कम प्राथमिकता पाउने गरेको महशुस भएको छ ।

वर्तमान अवस्थालाई यसरी विश्लेषण गरेर हेर्दा समुदायमा खानेपानी स्वस्थ तथा सरसफाइको अवस्थामा परिवर्तन ल्याउनका लागि सञ्चार माध्यमसँग खानेपानी स्वस्थ तथा सरसफाइका कार्यक्रमको उचित समन्वय हुनु आवश्यक देखिएको छ । जिल्लाको भौगोलिक, सांस्कृतिक, जातीय, सामाजिक आर्थिक विविधता, आवश्यकता, विद्यमान परिस्थिति, सहयोगी निकायहरूको कार्यशैली, लक्षित समुदायको रुचि तथा सवालहरू फरक फरक हुने भएकाले जिल्लाको खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी समुदायको अगुवाईमा पूर्ण व्यवहार परिवर्तनसँग सम्बन्धित विषयवस्तुको प्रवर्धनका लागि आमसञ्चार तथा सञ्चारसम्बन्धी जिल्लाको नमुना रणनितीक कार्ययोजनाको आवश्यकता महशुस भएको हो ।

Final Draft

## १. **ध्येय :**

सञ्चारसम्बन्धी कार्ययोजनाले सञ्चार क्षेत्रको उचित उपयोगद्वारा समुदायमा अपेक्षित परिवर्तनका लागि गर्नुपर्ने कार्यहरूको व्यवस्थित र चरणवद्ध विवरण प्रस्तुत गर्दछ । यसले खासगरी खानेपानी स्वस्थ तथा सरसफाइ प्रवर्धनका लागि सञ्चार माध्यमले पुऱ्याउन सक्ने कार्यको लेखाजोखा गरी खानेपानी तथा सरसफाइ क्षेत्रलाई नै ऐक्यबद्ध र एक रूपले अघि बढ्न मद्दत पुऱ्याउने विश्वास लिइएको छ ।

यसैगरी खानेपानी स्वस्थ तथा सरसफाइको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले सरसफाइ कार्यको प्रवर्धनका लागि प्रयोग गर्ने गरेका सूचना, शिक्षा तथा सञ्चार (BCI) सामग्रीहरूको विश्लेषण गरी स्वच्छता र सरसफाइ प्रवर्धनका लागि उपयुक्त देखिएका सामग्रीहरू प्रयोग गर्न, आवश्यक परिमार्जन गर्न तथा नयाँ निर्माण गर्नु पर्ने सामग्रीहरूको अवधारणा प्रष्ट पार्न पनि जिल्लाको यो नमुना रणनितीक कार्ययोजनाले सहयोग पुऱ्याउनेछ ।

## २. **अपेक्षित उपलब्धि**

यस कार्ययोजनाबाट देहायबमोजिमको उपलब्धि हासिल हुनेछ :

- जिल्लास्थित सञ्चारकर्मीहरूले खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन, पोषण तथा आर्सेनिकका बारेमा यथेष्ट जानकारी हासिल गरी लक्षित वर्गलाई मध्यनजर गरी प्राथमिकताका साथ खानेपानी स्वस्थ तथा सरसफाइ, पोषण तथा आर्सेनिक सम्बन्धी प्रामाणिक, स्थिर र एक रूपको (consistent) सूचना तथा जानकारी प्रवाह गर्नेछन् ।
- खानेपानी स्वस्थ तथा सरसफाइका विषयमा सञ्चारकर्मीहरूको पेशागत समूह निर्माणमा सहयोग पुग्नेछ ।
- खानेपानी स्वस्थ तथा सरसफाइ सँग सम्बन्धित उपलब्ध सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको प्रयोगमा एकरूपता आउनेछ । जसले यस क्षेत्रमा हुने गरेको दोहोरोपन हटाउन मद्दत पुऱ्याउनेछ ।
- जिल्ला स्तरमा खानेपानी स्वस्थ तथा सरसफाइ, आर्सेनिक र पोषणसम्बन्धी सूचना तथा जानकारीहरूको प्रामाणिक सूचना केन्द्रको स्थापना हुनेछ ।
- मानिसहरुको खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा दिगोपन आउनेछ ।
- सरसफाइसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ ।

Final Draft

## ३. **प्रवाह गरिने सन्देशहरू**

खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी समुदायको अगुवाईमा पूर्ण व्यवहार परिवर्तनसँग सम्बन्धित विषयवस्तुको प्रवर्धनका लागि आमसञ्चार माध्यम तथा सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू (BCI Materials) मार्फत् निम्नलिखित पक्षहरूमा ध्यान केन्द्रित गरिनेछ :

क) जोखिमपूर्ण समय (कुनैपनि प्रकारको फोहोर छोएपछि, खानेकुरा पकाउनु, खानु, खुवाउनु, पस्किनु अघि, चर्पी प्रयोग गरिसकेपछि, बालबालिकाको स्याहार सुसार गर्नु अघि साबुन पानी वा ताजा र सफा खरानी पानीले राम्ररी हात धुने

ख) दिसापिसाबको उचित विजर्सन गर्ने

ग) नियमित रूपमा नुहाउने, लुगा धुने, दाँत माझ्ने, कपाल कोर्ने

घ) घर भित्र र बाहिरको फोहोरको उचित व्यवस्थापन गर्ने

ङ) खानेकुरा र खानेपानी उचित तरिकाले छोपेर राख्ने

च) आर्सेनिकमुक्त पानी खाने

छ) पोषणयुक्त खानेकुरा खाने

## ४. लक्षित वर्ग (Audiences)

यस रणनैतिक कार्ययोजनाले निम्नलिखित वर्गलाई खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि सन्देश दिनेछ :

- समुदायका सदस्यहरू
- छात्रछात्रा तथा बालबालिकाहरू (अभिभावक तथा बाल समूह)
- सञ्चारकर्मीहरू
- स्थानीय निकाय (गाविस)
- स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन प्रवर्धनका सरोकारवालाहरू
- राजनैतिक नेता, कार्यकर्ताहरू

Final Draft

# खण्ड क

## आम जनसमुदायको खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि जिल्ला स्तरको रणनैतिक कार्ययोजना:

### १. संस्थागत संरचना निर्माण

- जिल्ला स्तरमा " खानेपानी स्वस्थ तथा सरसफाइ पत्रकार समूह" (WASH Journalists Forum ) को गठन गरी अन्तर जिल्ला सन्जाल (Network) गठन गर्न पहल गरिनेछ ।

**"Hooks" to Attract the Media**

- Take Journalists to visit a project and interview older projects
- Arrange for people to speak about WASH issues at special events organized by the local government , which the Media will attend, Such as ODF and TBC process, ODF declaration ceremonies .
- Host a Media breakfast to launch a new project or report
- Run a workshop for journalists, for example, with a panel Discussion , high-profile speaker or film
- Run media awards for the best coverage of WASH issues
- Run competitions for students, such as drawing, poster or writing competitions
- Organize an eye-catching event with people, such as drama or demonstration
- Offer new angles on everyday stories, such as child being cared for by a grandparent, who has excelled in their school exams
- Launch new research containing startling statistics
- Use anniversaries of events, such as one year since the WASH activities inplemented- what have it done for WASH activities .
- Offer a fresh perspective on a topical issue such as an emergency, such as how "forgotten" people are affected and how they are contributing to WASH efforts
- Offer unusual or touching stories about amazing individuals, such as a man who is caring for his sick son, or an older women who has set up an Sanitation Chautari
- Use international days such as:
    - International Women's Day (8 March)
    - World Water Day (22 March)
    - World Health Day (7 April)
    - International Day of Families (15 May)
    - World Environment Day ( 5 June)
    - World Elder Abuse Awareness Day (15 June)
    - International Day of Older Persons (1 October)
    - World Handwashing Day ( 15 October)
    - World Toilet Day ( 19 November)
    - World AIDS Day (1 December)
    - Human Rights Day (10 December)

Final Draft

- नेपाल पत्रकार महासंघका प्रतिनिधि, यातायात व्यवसायी समितिका प्रतिनिधि, खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीको पूर्ण परिवर्तनका क्षेत्रमा जिल्ला स्तरमा योगदान दिएका स्वाभाविक नेता (Natural Leader), कलाकार वा अन्य व्यक्तिलाई साबुन तथा सरसफाइ प्रवर्धन सामग्री उत्पादकहरूको (कुनै संघ वा समूह भएमा) प्रतिनिधिलाई जिल्ला खानेपानी तथा सरससफाइ समन्वय समिति (DWASHCC) को सदस्यमा मनोनित गरिनेछ ।

**२. आम सञ्चार माध्यमको परिचालन**

- जिल्ला स्तरमा गठित “खानेपानी तथा सरसफाइ समन्वय समिति” अन्तर्गत गठिन “जिल्ला खानेपानी तथा सरसफाइ इकाई” (District WASH Unit) ले खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी समुदायको अगुवाईमा पूर्ण व्यवहार परिवर्तनको उद्देश्यका लागि जिल्ला स्तरका आम सञ्चार माध्यमहरूसँग सहकार्य र समन्वय गर्नेछ । खानेपानी स्वस्थ तथा सरसफाइ सँग सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनसम्बन्धी विषयमा जिल्ला भित्र कार्यरत कुनै पनि संघ, संस्था, आयोजना, परियोजना वा अन्य समूहले उक्त उद्देश्यका लागि आम सञ्चार माध्यमहरूसँग कुनै पनि सहकार्य र समन्वय गर्नु परेमा यसै समिति मार्फत् गर्नेछन् ।
- इकाईले जिल्ला स्तरमा आम सञ्चार माध्यम परिचालन गर्नका लागि नेपाल पत्रकार महासंघ, जिल्ला शाखासँग समन्वय गरी सहकार्य गर्नेछ । विभिन्न राजनैतिक आस्थाका आधारमा गठित सञ्चारकर्मीहरूको संघ, संस्था वा युनियनहरू मार्फत् कुनै पनि कार्य गरिने छैन ।
- जिल्ला स्तरमा खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका बारेमा सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गरिनेछ ।
    - सञ्चारकर्मीहरूलाई नेपाल पत्रकार महासंघ, जिल्ला शाखासँगको समन्वयमा अभिमुखीकरण गरिनेछ । अभिमुखीकरणका विषयवस्तु सामयिक अद्यावधिक गरिनेछ ।
    - अभिमुखीकरणमा नयाँ तथा युवा सञ्चारकर्मीहरूलाई प्राथमिकता दिइनेछ ।
- आवश्यकता अनुसार सरसफाइ र स्वच्छतासम्बन्धी सञ्चार अभियान (media campaign) को आयोजना गरी सञ्चारकर्मीहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।
    - प्रतियोगितात्मक सञ्चार अभियानको सार्वजनिक आह्वान गरिनेछ । सो अवसरमा सञ्चार माध्यममा प्रकाशित/प्रसारित सामग्रीहरू व्यवस्थित रूपमा संकलन गरी निर्णायक मण्डललाई उपलब्ध गराइनेछ ।
    - यस प्रयोजनका लागि नेपाल पत्रकार महासंघ, जिल्ला शाखाका प्रतिनिधि, खानेपानी तथा सरसफाइ समन्वय समिति, जिविस प्रतिनिधि तथा अन्य आवश्यक विज्ञहरू सहितको निर्णायक मण्डल गठन गरिनेछ ।
- खुल्ला दिसामुक्त अभियानलाई सर्वव्यापी बनाउन सञ्चारकर्मीहरूलाई खुल्ला दिसामुक्त घोषणा भएका क्षेत्रहरूको अवलोकन भ्रमण गर्न प्रेरित गरी समुदायको खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा आएको परिवर्तन र यसको दिगोपना तथा अन्य सकारात्मक वा सुधार गर्नुपर्ने पक्षलाई सञ्चार माध्यम मार्फत् व्यापक रूपमा प्रचार प्रसार गरिनेछ ।
    - खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएका समुदायका अगुवाहरू, स्वाभाविक नेता तथा आम जनसमुदायको अनुभवलाई सञ्चार माध्यममा स्थान दिन पहल गरिनेछ ।

Final Draft

- खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन, खुल्ला दिसामुक्त अभियान तथा सरसफाइसम्बन्धी छापा माध्यममा प्रकाशित सामग्रीहरूको वार्षिक रूपमा संकलन गरी प्रकाशन गरिनेछ ।

- खानेपानी तथा सरसफाइ एवं अन्य सरोकारवाला विभिन्न दिवसहरू जस्तै : विश्व हात धुने दिवस, विश्व चर्पी दिवस, विश्व वातावरण दिवस, विश्व पानी दिवस, विश्व स्वास्थ्य दिवस, नारी दिवस, सरसफाइ सप्ताह र नेपाल सरकार वा अन्तर्राष्ट्रिय स्तरका मान्यता प्राप्त संस्थाहरूद्वारा तोकिएका दिवस तथा कार्यक्रम मनाउनका जिल्लामा खानेपानी स्वस्थ तथा सरसफाइ सँग सम्बन्धित सम्पूर्ण निकायहरूसँग समन्वय गरी एक कार्य समिति (task force) गठन गरिनेछ । यस समितिले पत्रकार भेटघाट (meet the press), प्रेस विज्ञप्ति तयारी आदि कार्यको जिम्मेवारी समेत निर्वाह गर्नेछ ।
    - यस्ता दिवस तथा कार्यक्रमहरू मनाउन केन्द्रिय स्तरमा तयार पारिएका सूचना, शिक्षा तथा सञ्चार (BCI) सामग्रीहरू समयमा जिल्लामा आइपुगेको सुनिश्चित गरी आवश्यक ठाउँमा उचित वितरणको प्रबन्ध मिलाइनेछ ।
    - यस्ता दिवस तथा कार्यक्रमहरूलाई अर्थपूर्ण र महत्वका साथ मनाउन यस्ता दिवस तथा सप्ताह सुरु हुनुभन्दा कम्तिमा पाँच दिन अघि सञ्चारकर्मीहरूलाई त्यस्ता दिवस तथा कार्यक्रमबारे अभिमुखीकरण गरिनेछ । यसबाट सम्बन्धित दिवसकै दिन सञ्चारकर्मीहरूले सम्बन्धित विषयलाई महत्वका साथ उठाउन सक्नेछन् । *(दिवस तथा कार्यक्रमहरु सम्बन्धी कार्ययोजना अनुसूचि १ मा दिइएको छ)*

**३. सन्देश तथा तथ्याङ्कहरूको एकरूपता, स्थिरता र आधिकारिताका लागि सूचना बैंक स्थापना**

- आम सञ्चार माध्यममा प्रसारण/प्रकाशनका लागि प्रेषित गरिने खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी तथ्याङ्कहरू आधिकारिक र एउटै बनाइनेछ । यसका लागि कुन संस्थाद्वारा उत्पादित/संकलित र प्रकाशित तथ्याङ्कलाई आधिकारिक मान्ने भन्ने निर्णय यसै समितिले गर्नेछ ।
- सञ्चारकर्मीहरूलाई खानेपानी स्वस्थ तथा सरसफाइ सँग सम्बन्धित सूचना, जानकारीहरू प्रवाह गर्न तथा अद्यावधिक जानकारीहरू उपलब्ध गराउनका लागि जिल्ला स्तरमा एक सञ्चार प्रवक्ता रहनेछन् ।
- खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी एकै खालका BCI/BCC सामग्रीहरूको प्रचारप्रसारमा जोड दिइनेछ । यस्ता सामग्रीलाई आवश्यकताअनुसार स्थानीय भाषा र परिवेश अनुसारको बनाइनेछ ।
- जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिको रोहबरमा रहने जिल्ला खानेपानी तथा सरसफाइ इकाई (District WASH Unit) को संयोजनमा जिल्लाको खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी गतिविधि समेटिने प्रकारको मासिक वा द्वैमासिक सरसफाइ बुलेटिन प्रकाशन गरिनेछ ।
- जिविसको वेबसाइटमा खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन सम्बन्धी जानकारी दिने विषयवस्तु समावेश गरिनेछ । जसमा जिल्लामा भएका खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी गतिविधि, सफलताका कथाहरू, समाचार, जानकारी, प्राय सोधिने प्रश्नहरू (Frequently Asked Questions) आदि राखिनेछ ।

**४. विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य**

- जिल्लाभित्र सार्वजनिक यातायातका यात्रुहरू, खासगरी महिलाहरूको सुविधालाई ध्यानमा राखी यातायात व्यवसायीहरूसँग समन्वय गरी सार्वजनिक यातायातका साधनहरूमा खानेपानी स्वस्थ

Final Draft

तथा सरसफाइ सम्बन्धी सन्देशमूलक स्टीकर र उक्ति/नारा (slogan) हरू लेखिनेछ। यसका लागि यातायात व्यवसायीहरूलाई खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी अभिमुखीकरण गरिनेछ।

- जिल्लास्थित साबुन तथा सरसफाइ सामग्रीका उत्पादकहरूसँग सहकार्य गरी खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन प्रवर्धन गर्ने प्रकारका सार्वजनिक सरोकारका सन्देश (Public Service Announcement) उत्पादन तथा प्रचारप्रसारमा जोड दिइनेछ।
- विद्यालयमा खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानी प्रवर्धनका लागि जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी अन्तर विद्यालय स्तरीय निबन्ध, चित्रकला, वक्तृत्वकला आदि कार्यक्रमहरूको आयोजना गरी प्रोत्साहन गरी उत्कृष्ट रचनाहरूलाई आम सञ्चार माध्यममा प्रकाशन/प्रसारण गर्न सञ्चारकर्मीहरूसँग समन्वय गरिनेछ।

## ५. स्थानीय स्तरका मौलिक कला प्रवर्धन र परिचालनमा जोड

- गन्धर्व, आमा समूह, महिला समूह, बचत तथा ऋण समूह, टोल सुधार समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, जिल्ला शाखा, वन उपभोक्ता समिति, धार्मिक अगुवा जस्ता व्यक्ति तथा संघ संथाहरूलाई खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका बारेमा अभिमुखीकरण गरी उनीहरूमार्फत् जन समुदायमा सन्देश दिइनेछ।
- तीज, देउसी, भैलो, मेला र अन्य पर्वका अवसरमा गाइने गीतहरूमा खानेपानी स्वस्थ तथा सरसफाइ का सन्देशहरू प्रसारित गर्न उत्प्रेरित गरिनेछ। खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि प्रतियोगितात्मक लोकदोहोरी, सामुदायिक नाटक, परम्परागत नाटक, , बालान आदि कार्यक्रमहरूको आयोजना गरिनेछ।

## ६. पैरवी सम्बन्धी व्यवस्था

- सञ्चारकर्मीहरूलाई सरसफाइ प्रवर्धनका लागि नेपाल सरकारद्वारा विनियोजन गरिने बजेटको विश्लेषणात्मक जानकारी उपलब्ध गराइनेछ। यसका साथसाथै जिविस अनुदान नीति, गाविस अनुदान नीतिमा उल्लेख भएका व्यवस्थाबारे जानकारी दिइनेछ।
- प्रत्येक दुई दुई वर्षमा आयोजना गरिने दक्षिण एशियाली मन्त्रिस्तरीय सरसफाइ सम्मेलन (SACOSAN) का लागि नेपालले तयार पार्ने राष्ट्रिय कार्यपत्र (Country Paper) मा समुदायको आवाज प्रतिविम्बित गराउन समितिको पहलमा स्थानीय सञ्चार माध्यमहरूलाई समेत सहभागी गराई “सरसफाइसम्बन्धी नागरिक आवाज संकलन” कार्यशालाको आयोजना गरी कार्यशालाबाट आएका निष्कर्षहरुलाई खानेपानी तथा ढल निकास विभाग, वातावरणीय तथा सरसफाइ शाखामा पठाइनेछ।
- दक्षिण एशियाली सरसफाइ सम्मेलनका उपलब्धिहरू जनसमक्ष प्रस्तुत गर्ने उद्देश्यले समितिको पहलमा स्थानीय सञ्चार माध्यमहरूलाई समेत सहभागी गराई सम्मेलनका उपलब्धिहरूको जानकारी अद्यावधिक (briefing) गरिनेछ। *(यस सम्बन्धी कार्ययोजना अनुसूचि १ मा दिइएको छ)*

Final Draft

# खण्ड ख

## खानेपानी स्वस्थ तथा सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका लागि प्रयोग गरिने सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी सामग्री (BCI Materials) हरूको संकलन, व्यवस्थापन, परिमार्जन, उत्पादन तथा उचित प्रयोगसम्बन्धी नीतिगत व्यवस्था

१. खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनका सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी सामग्रीहरूको उचित प्रयोगका लागि जिल्लास्तरमा देहायबमोजिमका कदमहरू चालिनेछ ।

- सिफारिस गरिएका सामग्रीहरूको उचित प्रयोगमा ध्यान दिइनेछ ।
- प्रभावकारी सिद्ध भएका BCI ( Behavior Change Intervention ) material हरूको पुन उत्पादन र उचित प्रयोग गर्न जोड दिइनेछ ।
- BCI material हरू यथासक्य ठाउँ, परिवेश, भौगोलिक, सांस्कृतिक अवस्थालाई ध्यानमा राखेर प्रयोग गरिनेछ ।
- सरसफाइ सिँढी (Sanitation ladder) को प्रयोग गरी समुदायलाई चर्पी बनाउन प्रेरित गरिनेछ ।
- खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनमा सघाउ पुऱ्याउने प्रकारका व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ प्रवर्धनसम्बन्धी सामग्रीहरुको उत्पादन र प्रचारप्रसारमा जोड दिइनेछ ।

२. **सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी सामग्री (BCI Materials) हरू उत्पादन गर्दा देहाय बमोजिमका बुँदाहरूलाई मध्यनजर गरिनेछ :**

- गाविस स्तरमा संचालन गरिने TBC Triggers तालिम, उपभोक्ता समिति, उपभोक्ता तथा अन्य स्रोतबाट प्राप्त अवधारणाका आधारमा नयाँ BCI material उत्पादन गरिनेछ ।
- उत्पादन गरिने सामग्रीहरूमा समावेशीकरणलाई महत्व दिइनेछ । कसैको जाति, धर्म, संस्कार र आस्थामा चोट पुग्ने र कुनै विशेष राजनैतिक गतिविधिलाई सघाउ पुऱ्याउने वा नपुऱ्याउने प्रकारका सामग्रीहरू उत्पादन गरिने छैन । सामग्रीमा प्रयोग गरिने भाषा, बनाइने चित्रमा महिला, बालबालिका, अपांगता वा अशक्तता भएका व्यक्तिहरूप्रति संवेदनशीलता अपनाइनेछ ।
- नयाँ प्रकाशन गरिने BCI Material हरूमा प्रकाशकको नाम लेखिने छैन । तर उक्त सामग्री नेपाल सरकारको स्वामित्वको भए नेपाल सरकारको प्रतीक चिन्ह भने राखिनेछ । निजी क्षेत्रसँगको सहकार्यमा निर्माण भएका सामग्रीमा भने यो व्यवस्था लागू हुने छैन ।
- उत्पादित सामग्रीको अनिवार्य रूपमा पूर्व परीक्षण गरिनेछ ।
- नयाँ बनाइने सामग्रीहरू रोगको उपचारात्मक विधिको तुलनामा रक्षात्मक विधिको प्रवर्धनमा जोड दिइनेछ ।
- BCI material बनाउने क्रममा भइरहेको चित्र वा तस्वीर प्रयोग गरिएको अवस्थामा साभार वा उद्धृत गरिएको प्रकाशन वा संस्थाको नाम लेखिनेछ ।

Final Draft

- कुनै पनि BCI material हरूलाई लामो समयसम्म प्रयोग गर्न मिल्ने बनाउन मिति लेखिने छैन । उदाहरणका लागि :सामग्रीमा 'हात धुने दिवस २०६६' लेख्दा अन्य प्रयोजनका लागि असान्दर्भिक हुन सक्छ ।

- समुदायहरूलाई खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तनतर्फ आकर्षित गराउन कुनै निश्चित समुदायमा ट्रिगरिङ गर्नु अघि र ट्रिगरिङ भइसकेपछिको तुलनात्मक अवस्थाको श्रव्यदृष्य सामग्री बनाइनेछ । सञ्चारकर्मीहरूसँगको सहकार्यमा यस्ता सामग्रीको प्रचारप्रसार गरिनेछ ।

- नयाँ उत्पादन गरिने सामग्रीहरूको निर्माण कार्यमा यथासक्य स्थानीय जनशक्तिको उपयोग गरिनेछ ।

- विभिन्न ट्रिगरिङ तालिमबाट आएका उत्कृष्ट र छानिएका नारा, गीत तथा अन्य सामग्रीलाई BCI material का रूपमा प्रयोग गरिनेछ ।

**BCI Material बनाउँदा ध्यान दिनुपर्ने कुराहरू**

- ❖ एउटा सामग्रीमा सकेसम्म एउटैमात्र अवधारणा राख्ने
- ❖ सकेसम्म ठूला अक्षर, छोटा र सरल शब्दहरू प्रयोग गर्ने ।
- ❖ प्रभावकारी शब्द र वाक्यहरूको चयनमा जोड दिने,
- ❖ लक्षित वर्गले बुझ्ेका शब्दहरूको प्रयोग गर्ने ।
- ❖ सामग्रीमा प्रयोग भएका शब्द र चित्रको तादात्म्य मिलेको सुनिश्चित गर्ने
- ❖ पाइचार्ट, बार चार्ट तथा लक्षित वर्गले नबुझ्ने खालका अन्य चित्र प्रयोग नगर्ने
- ❖ प्रयोग गरिएका चित्रहरूको क्रमबद्धता मिलाउने
- ❖ नकारात्मक चित्रहरू (उदाहरणका लागि दिसा गरिरहेको मानिस) मा व्यक्तिको नाम (काल्पनिक नै भए तापनि नदिने), यसको साटो एक जना व्यक्ति, एक जना केटो आदि नाम दिने
- ❖ सान्दर्भिक नक्सा र त्यसको विवरण सँगसँगै राख्ने । फुट नोट दिने तरिकाले प्रयोग नगर्ने
- ❖ धेरै भीडभाड देखिने गरी चित्र र वाक्यहरू नराख्ने
- ❖ संख्यालाई अक्षरमा लेख्ने, उदाहरणका लागि १०,५०० बालबालिका लेख्नुपर्दा दश हजार पाँच सय बालबालिका लेख्ने । तर मितिमा यो कुरा लागू हुँदैन ।

- जिल्ला खानेपानी, स्वस्थ तथा सरसफाइ निर्देशिका सम्बन्धी नमूना निर्देशिकाको अनुसूची १५ "रेडियो सन्देशका नमूनाहरू" लाई आधार मानी आवश्यक BCI Material बनाइनेछ । *(रेडियो सन्देशका नमूनाहरु अनुसूचि २ मा दिइएको छ)*

३. खुल्ला दिसामुक्त घोषित समुदायको प्रवेश स्थलमा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी सामाजिक नक्सा राखिनेछ । यसले वाह्य व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्दछ भने समुदायलाई प्रेरणा जगाउनुका साथै सरसफाइ सम्बन्धी अवस्थाको अनुगमन गर्न मद्दत पुऱ्याउँछ ।

- खुल्ला दिसामुक्त घोषित भइसकेका समुदायका प्रवेश विन्दु (Entry Point) हरूमा राखिने सूचना पाटी (Hoarding Board) मा "तपाई खुल्ला दिसामुक्त क्षेत्रमा प्रवेश गर्दै हुनुहुन्छ" र निस्कने स्थान (सूचना पाटीको पछाडि) "तपाईंले यस क्षेत्रमा खुल्ला दिसापिसाब नगर्नु भएकोमा धन्यवाद" भन्ने सन्देश लेखिनेछ ।

Final Draft

४. जिल्लाभित्र निर्माण गरिने खानेपानी आयोजना अन्तर्गत निर्माण हुने धारा, ट्युववेल, मुल संरक्षण तथा खानेपानीका अन्य कुनै पनि संरचनमा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी पूर्ण सरसफाइ अभियानमा सहयोग पुग्ने प्रकारका सन्देशहरू राखिनेछ ।

५. खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनलाई सहयोग पुऱ्याउने खालका रेडियो तथा टेलिभिजन सन्देश, जिङ्गल, जनहितका लागि सूचना सामग्रीहरू तयार गरी प्रचारप्रसार गरिनेछ ।

६. खानेपानी, स्वस्थ तथा सरसफाइ प्रवर्धन गर्ने तथा ट्रिगरिङमा मद्दत पुग्ने प्रकारका क्यालेण्डर प्रकाशन गर्ने संघ संस्थाहरूसँग समन्वय गरी सोही प्रकाशनको मुद्रणमा लगानी गरी दोहोरोपना हटाइनेछ ।

- खानेपानी, स्वस्थ तथा सरसफाइ प्रवर्धन गर्ने सन्देश लेखिएका वा चित्रात्मक प्रस्तुती भएका क्यालेण्डरहरू उचित समयमै वितरण गरिनेछ ।

Final Draft

## ७. जिल्लामा प्रयोग गरिने सूचना, शिक्षा र सञ्चार (BCI) सामग्रीहरू

| (क) मुद्रण गरिने सामग्री (Materials to be Printed) | | | | | |
|---|---|---|---|---|---|
| **शीर्षक** | **लक्षित वर्ग/प्रयोग गरिने स्थान** | **दिइने सन्देश** | **सकारात्मक पक्ष** | **नकारात्मक पक्ष** | **प्राथमिकता क्रम** |
| पोष्टर | सार्वजनिक स्थल, तालिम कक्ष, विद्यालय आदि | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी चेतनामूलक सन्देश, तथा आनीबानीमा परिवर्तन सम्बन्धी सन्देशहरू | जहाँ पनि लैजान सकिने, चित्रात्मक प्रस्तुतीद्वारा सन्देश बुझाउन सजिलो | घाम पानीले बिगार्न सक्ने, समुदायमा टाँस्न ठाउँको अभाव हुनसक्ने | उच्च |
| जानकारीपत्र | व्यक्तिगत तह, उपभोक्ता समिति, विद्यार्थी | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी सन्देशहरू, विभिन्न दिवसको महत्व झल्काउने विवरण आदि | ठूलो परिमाणमा वितरण गर्न सकिने, धेरै सन्देश प्रवाह गर्न सकिने | निरक्षर, बालबालिका, वृद्धवृद्धा र सामान्य साक्षरले बुझ्न नसक्ने | मध्यम |
| ड्याङलर | सार्वजनिक स्थल, तालिम कक्ष, विद्यालय आदि | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी चेतनामूलक सन्देश, तथा आनीबानीमा परिवर्तन सम्बन्धी सन्देशहरू | जहाँ पनि लैजान सकिने, चित्रात्मक प्रस्तुतीद्वारा सन्देश बुझाउन सजिलो | निरक्षर व्यक्तिलाई बुझाउन कठिन | मध्यम |
| होर्डिङ बोर्ड | बढीभन्दा बढी मानिसहरूले देख्ने ठाउँ जस्तै राजमार्गको छेउछाउ, बजार इलाका र सार्वजनिक रूपमा मानिसहरू भेला हुने ठाउँ | जिल्ला, गाविस, वडा आदि खुल्ला दिसामुक्त भएको घोषणा, आगन्तुकहरूलाई खुल्ला दिसामुक्त क्षेत्रमा स्वागत आदि । यसमा यथासक्य एउटा सन्देश मात्र राख्ने | एकै ठाउँबाट महत्वपूर्ण सूचना दिन सकिने | जडान गर्न महँगो पर्ने, घाम पानी र हावाहुरीले बिगार्ने, निरक्षर व्यक्तिलाई सन्देश बुझ्न कठिन | मध्यम |
| सेरामिक टायल | पानीको धारा, ट्युववेल, मूल संरक्षण | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन ल्याउने सन्देशहरू | मानिसको खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन आउने | संरचना तयार गर्दा नै जडान गर्नु पर्ने, दक्ष व्यक्तिको आवश्यक पर्ने | उच्च |
| सामाजिक | समुदाय | समुदायको सरसफाइको अवस्था तथा | समुदायको सरसफाइको | नियमित अनुगमनको | उच्च |

Final Draft

| | | | | | |
|---|---|---|---|---|---|
| नक्सा सहितको सूचना पाटी | | सरसफाइसम्बन्धी सन्देशहरू | अवस्था देखिने, समुदायमा प्रतिस्पर्धाको भावना बढ्ने | आवश्यकता पर्ने | |
| सन्देश पाटी (बोर्ड) | समुदाय | समुदायमा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन ल्याउने सन्देशहरू, खासगरी उक्ति (slogan) आदि | समुदायमा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी सन्देशहरू प्रवाह गर्ने सजिलो माध्यम | निरक्षरले बुझ्न नसक्ने | उच्च |
| स्टीकर | सार्वजनिक यातायातका साधनहरू, सैलुन, चियापसल आदि | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन ल्याउने सन्देशहरू | सार्वजनिक स्थलमा सरसफाइका सन्देशहरू प्रचार गर्न मद्दत पुग्ने | अन्य पक्षसँग सहकार्य गर्नुपर्ने | उच्च |
| फ्लिप चार्ट | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी तालिम, सहजीकरण तथा चेतनामूलक कार्यक्रम | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा परिवर्तन ल्याउने खालका सन्देशहरू | सहजकर्ताहरूका लागि विशेष उपयोगी, यसका चित्रहरूको पुनः प्रयोग गर्न सकिने | बारम्बार प्रयोग गर्दा च्यातिन सक्ने, तुलनात्मक रूपमा महँगो | उच्च |
| समाचार बुलेटिन | समुदाय, विभिन्न कार्यालय, विद्यालय आदि | जिल्लामा भइरहेको खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी गतिविधि तथा सो सम्बन्धी नयाँ जानकारी | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी अद्यावधिक जानकारी उपलब्ध हुने | निरक्षरहरूका लागि अनुपयुक्त, | मध्यम |
| पुस्तिका | समुदाय, विभिन्न कार्यालय, विद्यालय आदि | स्वच्छता र सरसफाइसम्बन्धी विस्तृत जानकारी | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी विस्तृत जानकारी दिने, विभिन्न तहमा रहेका व्यक्तिको रुचिलाइ समेट्ने | समुदायमा वितरण गर्न असजिलो, निरक्षरहरूका लागि उनुपयुक्त | मध्यम |
| भित्तेपत्रिका | समुदाय, विद्यालय, सार्वजनिक स्थल | समुदायमा भइरहेको खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी जानकारी, खासगरी बालबालिकाहरूतर्फ लक्षित | स्थानीय स्तरका समाचारहरू स्थानीय व्यक्तिले नै तयार गर्न सक्ने, बालबालिकाका लागि | तालिमको आवश्यकता पर्ने, निरन्तरताको अभाव हुने | उच्च |

Final Draft

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विशेष उपयोगी | | |
| क्यालेण्डर | घर, सार्वजनिक स्थल, विद्यालय,सरोकारवालाहरू, राजनैतिक व्यक्तिहरू | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी चेतनामूलक सन्देश | तिथि मितिका साथसाथै सन्देश प्रवाह गर्न सकिने, पैरवीमा सहयोग पुग्ने | महँगो पर्ने, समयमा वितरण गर्न चुनौती देखिएको | मध्यम |
| गोजीपात्रो | समुदायका सदस्यहरू, राजनैतिक व्यक्तिहरू, खानेपानी, स्वस्थ तथा सरसफाइ सरोकारवालाहरू ( व्यक्तिगत तह) | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी चेतनामूलक सन्देश | आवश्यक जानकारी -तिथि मिति) का साथसाथै सन्देश प्रवाह गर्न सकिने, | निरक्षरलाई बुझ्न कठिन | मध्यम |
| नाम लेख्ने स्टीकर (Name tag) | विद्यार्थी, किताबको बाहिरी पानामा राखिने | व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ सम्बन्धी सन्देश | विद्यार्थीहरूका लागि उपयोगी, स्वच्छता सम्बन्धी सन्देश दिन सकिने, वितरण गर्न सजिलो | | उच्च |
| **(ख) प्रसारण गरिने सामग्री (Materials to be broadcasted)** | | | | | |
| रेडियो जिङ्गल तथा सन्देशहरू | सर्वसाधारण व्यक्तिहरू | स्थानीय शैलीमा तयार पारिएका खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी छोटा गीत (जीङ्गल) तथा सन्देशहरू | निरक्षर र दृष्टिविहिनले पनि सजिलै बुझ्न सक्ने, धेरै ठूलो जनसमुदायसम्म पहुँच हुने | रेडियो सेट नहुने लक्षित वर्गलाई श्रोताको दायरामा ल्याउन कठिन हुने | उच्च |
| टेलिभिजन सम्बन्धी जिङ्गल तथा सन्देशहरू | सर्वसाधारण व्यक्तिहरू | स्थानीय शैलीमा तयार पारिएका खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी छोटा दृष्यात्मक सामग्री तथा सन्देशहरू | निरक्षरहरूले पनि सजिलै बुझ्न सक्ने, धेरै श्रोताले एकैपटक सुन्न सक्ने, सन्देश प्रभावकारी हुने | विपन्न वर्गको पहुँच नहुने, लोडसेडिङ्गले गर्दा दर्शकको पहुँच कम हुने | मध्यम |
| **(ग) अन्य सामग्रीहरू (Other Materials)** | | | | | |
| सामुदायिक नाटक | सर्वसाधारण व्यक्तिहरू | समुदायको वास्तविक समस्याको समाधानका लागि सहजकर्ता र | समस्या र समाधानलाई रोचक शैलीमा प्रस्तुत गरिने | नाटक गर्न सामान्य तालिमको आवश्यकता पर्ने | उच्च |

Final Draft

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुदायका सदस्यहरू मिलेर खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी भूमिका प्रदर्शन | भएकाले प्रभावकारी हुने, मेला, जमघट आदिमा उपयोगी हुने | | |
| पुतली नाच | बालबालिका तथा समुदायका सदस्यहरू | पुतली नाच मार्फत् दिइने खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी जानकारी/सन्देश | मेला, विद्यालय आदि स्थानमा उपयोगी हुने, सन्देश प्रभावकारी हुने | तालिम र अन्य सामग्रीको आवश्यकता पर्ने | मध्यम |
| वृत्तचित्र प्रदर्शन | विद्यार्थी, खानेपानी, स्वस्थ तथा सरसफाइ कार्यका सरोकारवालाहरू, राजनैतिक व्यक्तिहरू | CLTS, SLTs तथा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी उपलब्ध हुने वृत्तचित्र | सफल घटना अध्ययनहरूको प्रस्तुति गरिने भएकाले प्रभावकारी हुने | कम्प्युटर, मल्टिमिडिया आदि उपकरण चाहिने | उच्च |
| लोकदोहोरी | समुदाय, सर्वसाधारण व्यक्तिहरू | स्थानीय कलाकारहरूलाई अभिमुखीकरण गरी गीत मार्फत् खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी जानकारी | लोकभाकामा सन्देश दिइने भएकाले प्रभावकारी हुने | कलाकारहरूलाई सामान्य सहजीकरणको आवश्यकता | उच्च |
| तीज गीत | विशेष गरी महिलाहरू, सर्वसाधारण व्यक्तिहरू | तीज गीत मार्फत् खानेपानी, स्वस्थ तथा सरसफाइ तथा महिनावारी समयको सरसफाइसम्बन्धी जानकारी | लोकभाकामा सन्देश दिइने भएकाले प्रभावकारी हुने | कलाकारहरूलाई सामान्य सहजीकरणको आवश्यकता | उच्च |
| बालान | समुदाय, सर्वसाधारण व्यक्तिहरू | स्थानीय कलाकारहरूलाई अभिमुखीकरण गरी गीत मार्फत् खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी जानकारी | लोकभाकामा सन्देश दिइने भएकाले प्रभावकारी हुने | कलाकारहरूलाई सामान्य सहजीकरणको आवश्यकता | उच्च |
| रोदी | समुदाय, सर्वसाधारण व्यक्तिहरू | स्थानीय कलाकारहरूलाई अभिमुखीकरण गरी गीत मार्फत् खानेपानी, स्वस्थ तथा | लोकभाकामा सन्देश दिइने भएकाले प्रभावकारी हुने | कलाकारहरूलाई सामान्य सहजीकरणको आवश्यकता | उच्च |

Final Draft

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाइसम्बन्धी जानकारी | | | |

Final Draft

## ८. प्रयोग गर्न सिफारिस गरिएका BCI सामग्रीहरू

खानेपानी, स्वस्थ तथा सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी चेतना जागरण र व्यवहार परिवर्तनका लागि सूचना, शिक्षा चथा सञ्चारसम्बन्धी सामग्री (BCI Materials) हरूको विकास गरेका छन् । यीमध्ये खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी समुदायको अगुवाईमा पूर्ण व्यवहार परिवर्तनसँग सम्बन्धित विषयवस्तुको प्रवर्धनका लागि उपयुक्त ठहरिएका सामग्रीहरूको छनोट गरी प्रयोग गर्न सिफारिस गरिएको छ । ती हुन् :

❖ **दिसा मुखमा पुग्ने माध्यम, यसबाट लाग्ने रोग र रोकथामका उपायहरू (पोष्टर)**



- **विवरण :** पशुपक्षी, फोहोर हात, फोहोर पानी, झिँगा, कीरा, फोहोर सागसब्जी/माटो, आदिका माध्यमबाट कसरी दिसा मानिसको मुखसम्म पुग्छ र तिनको रोकथामका उपायहरू के के हुन् भन्ने विषयको सचित्र वर्णन
- लक्षित वर्गको माग बमोजिम तराई र पहाडको अलग अलग भेषभूषा बनाइएको (चित्र नं. ग)
- रोकथामका उपायहरू पनि सँगै दिइएकोले लक्षित वर्गलाई बुझाउन सजिलो
- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** विद्युतीय (Electronic (प्रकाशन गर्नु पर्ने)
- **मूल्य :** निशुल्क

***द्रष्टव्य :*** *नेपाल सरकार र युनिसेफद्वारा प्रकाशित यी चित्रहरूको अलग-अलग सेट पनि उपलब्ध छ । यहाँ सिफारिस गरिएका पोष्टरहरु ती सबै चित्रको सिलसिलाबद्ध र एकमुष्ट प्रस्तुति गरिएको र रोकथामका उपायहरु पनि समावेश बढी प्रभावकारी देखिएका छन् ।*

❖ **हात धोऔं, स्वस्थ बनौं (पोष्टर)**




- **विवरण :** हात धुनुको महत्व तथा बालबालिकालाई पोषिलो खानेकुरा ख्वाउनु पर्छ भन्ने जानकारी दिने पोष्टर
- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** विद्युतीय (Electronic)
- **मूल्य :** electronic version को नलाग्ने ( प्रकाशन गर्नु पर्ने)

❖ **महिनावारी र सरसफाइ**




- **विवरण :** महिनावारी हुँदाको अवस्थामा गर्नुपर्ने स्याहारसम्बन्धी जानकारीपत्र (Brochure) युनिसेफद्वारा प्रकाशित
- **पाइने स्थान :** युनिसेफ/खानेपानी तथा ढल निकास विभाग
- **प्रकार :** प्रकशित (hard copy)

❖ **सरसफाइ तथा खानेपानी सम्बन्धी चेतना अभिवृद्धि तथा पैरवी अभियानका लागि सचित्र सामग्री (Flip Chart)**

- **विवरण** : विगत पाँच वर्षमा छापिएका सरसफाइसम्बन्धी क्यालेण्डरहरूहरूको चित्रहरूको सँगालो, यसमा खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन तथा triggering मा सहयोग पुऱ्याउने प्रकारका विभिन्न चित्र तथा तथ्यांकहरू समावेश छन्





- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** hard copy
- **मूल्य :** प्रति गोटाको चार सय रूपैयाँ, सहकार्यद्वारा पुनः प्रकाशन गर्न सकिने

***द्रष्टव्य :*** *सहजकर्ताहरूका लागि उपयोगी, यसमा भएका चित्रहरूलाई विभिन्न प्रकारका पोष्टरमा प्रयोग गर्न सकिने*


Final Dr

❖ **सुरक्षाका लागि चर्पी (पोष्टर)**




- **विवरण :** चर्पी नहुँदा जंगली जनावरको आक्रमणमा पर्न सकिन्छ भन्ने जानकारी दिने पोष्टर, खासगरी जंगली जनावरहरू भएको समुदायमा बढी सान्दर्भिक देखिएको
- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** electronic
- **मूल्य :** electronic version को नलाग्ने (प्रकाशन गर्नु पर्ने)

❖ **आत्मसम्मानका लागि चर्पी**




- **विवरण :** चर्पी बनाउँदा हुने आत्मसम्मान झल्काउन बनाइएको सामग्री, खासगरी तराई र साना शहरी क्षेत्रमा बढी सान्दर्भिक देखिएको
- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** electronic
- **मूल्य :** electronic version को नलाग्ने (प्रकाशन गर्नु पर्ने)

## ❖ स्वच्छ वातावरण, आम्दानी र आत्मसम्मानका लागि मल चर्पी (पोष्टर)


- **विवरण :** प्रसिद्ध हास्य कलाकार महजोडीको अनुमति लिई उनीहरूको 'मदनबहादुर हरिबहादुर' चरित्र (character) प्रयोग गरी बनाइएको चर्पीको प्रयोगको महत्व झल्काउने पोष्टर




- **पाइने स्थान :** नेपाल स्वास्थ्यको लागि पानी ( नेवा)
- **प्रकार :** electronic
- **मूल्य :** electronic version को नलाग्ने (प्रकाशन गर्नु पर्ने)

## ❖ कीटाणुको जमघट (पोष्टर)

- **विवरण** : फोहोर हातमा कीटाणुहरूले कसरी आक्रमण गर्छन् भन्ने चित्रात्मक प्रस्तुती, खासगरी विद्यार्थीहरूले रुचाएको, विश्व हात धुने दिवसजस्ता अवसरमा सार्वजनिक रूपमा प्रस्तुत गर्न सान्दर्भिक
- **पाइने स्थान :** नेपाली संस्करण : नेपाल स्वास्थ्यको लागि पानी (नेवा), अँग्रेजी संस्करण : WWW.1st-in-handwashing.com
- **प्रकार :** electronic
- **मूल्य :** electronic version को नलाग्ने (प्रकाशन गर्नु पर्ने)




## ❖ हात धुनै पर्ने अवस्थाहरू (पोष्टर)

- **विवरण :** चर्पी प्रयोग गरेपछि,, साना नानीको दिसा धोइदिएपछि, फोहोर कुरा छोएपछि,, खाना पकाउनु अघि, खाना खानु र खुवाउनु अघि साबुन वा खरानी पानीले राम्ररी हात धुनु पर्छ भन्ने सचित्र सन्देश
- **पाइने स्थान :** नेपाली संस्करण : नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रकार :** electronic
- **मूल्य :** electronic version को नलाग्ने (प्रकाशन गर्नु पर्ने)




Final Draft


❖ **धारा, ट्युववेल (water points) मा राखिने स्वच्छता र सरसफाइसम्बन्धी टायल चित्र**



- **विवरण** : धारा, ट्युववेल आदिमा राखिने टायल चित्रका साथसाथै समुदायको धार्मिक आस्था अनुसारका देवी देवताको नक्सा राख्दा त्यस्तो ठाउँलाई पवित्र मान्ने गरिएको पाइएको र यसले धारा, ट्युववेल वरपरको वातावरण सफा राख्न मद्दत पुगेको पाइएको
- **सम्पर्क व्यक्ति : श्रीकृष्ण श्रेष्ठ, टेलिफोन ०१-६६३१४०८**
- **प्रकार** : सेरामिक टायल
- **मूल्य** : प्रति गोटाको रु. १७०/-

***द्रष्टव्य*** *: नेपाल स्वास्थ्यको लागि पानी (नेवा) द्वारा सञ्चालित आयोजना अन्तर्गत निर्माण हुने धारा, ट्युववेल, मुल संरक्षण आदिमा यस प्रकारका टायलहरू राख्ने गरेको*

❖ खानेपानी, स्वस्थ तथा सरसफाइ **प्रवर्धनसम्बन्धी वार्षिक क्यालेण्डर**




- **विवरण** : ट्रिगरिङ विधि तथा स्वच्छता र सरसफाइ, सम्बन्धी अन्य चेतनामूलक व्यङ्ग्यचित्रहरू समावेश गरी वार्षिकि रूपमा प्रकाशन गरिने क्यालेण्डर ग्रामीण क्षेत्रमा बढी लोकप्रिय
- **पाइने स्थान** : नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
- **प्रयोग** : घर, विद्यालय तथा सार्वजनिक स्थलमा राखिने
- **प्रकार** : प्रकाशन (Hard copy)
- **मूल्य** : निशुल्क

***द्रष्टव्य*** *: बढी प्रति प्रकाशन गर्नका लागि पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरससफाइ परियोजना र नेवाबीच छलफल गरी सहकार्य गर्न आवश्यक*

❖ **रोग विरुद्धको हाम्रो लडाईं, घर आँगनको सधै सफाइ** (पोष्टर)

- **विवरण** : घरायसी र वातावरणीय सरसफाइसम्बन्धी चेतनामूलक पोष्टर
- **पाइने स्थान**  युनिसेफ नेपाल, संयुक्त राष्ट्र संघको नेपालस्थित कार्यालय, पुल्चोक ललितपुर
- **प्रकार** : प्रकाशन (Hard copy)
- **मूल्य** : निशुल्क

❖ **पोषणसम्बन्धी जानकारी** (**सचित्र पुस्तिका**) :

- **विवरण** : खानेकुराको  वर्गीकरणदेखि लिएर सन्तुलित भोजन, भिटामिनहरूको महत्व आयोडिन, रक्त अल्पता, कुपोषण, गर्भावती तथा स्तन पान गराउने महिलाहरूले खानुपर्ने

Final Draft

खाना, स्तनपानको महत्व आदि दर्शाउने flip chart, विशेषगरी सहजकर्ताहरूका लागि उपयोगी

- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार :** प्रकाशन (Hard copy)
- **मूल्य :** .१७५रूपैयाँ

❖ **गर्भवती तथा स्तनपान गराउने महिलालाई चाहिने खानेकुरा (पोष्टर)**

- **विवरण :** गर्भावस्था तथा बच्चालाई स्तनपान गराउने महिलाले आफू र बच्चालाई स्वस्थ राख्नका लागि खानुपर्ने कुराहरूको सचित्र वर्णन
- **पाइने स्थान** : Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार** : प्रकशन, hard copy
- **मूल्य** : १६ रुपैयाँ

❖ **स्वस्थ जीवनको आधार : खाना र माया... उज्ज्वल भविष्य (पोष्टर)**

- **विवरण :** कुपोषित बालकले पोषणयुक्त खानेकुरा खान पाएपछिको तुलनात्मक फोटो, उही बालकको दुवै अवस्थाको फोटोले पोषणको महत्व बुझाउन सजिलो
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार :** प्रकाशन
- **मूल्य :** १४ रुपैयाँ

❖ **भिटामिन ए जानकारी (पोष्टर)**

- **विवरण :** शरीर र आँखा स्वस्थ राख्नका लागि भिटामिन ए को महत्व झल्काइएको सचित्र सामग्री
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार :** प्रकाशन
- **मूल्य :** १४ रुपैयाँ

❖ **सर्वोत्तम पीठो (पोष्टर)**

- **विवरण :** कुपोषित बालकले पोषणयुक्त खानेकुरा खान पाएपछिको तुलनात्मक फोटो, उही बालकको दुवै अवस्थाको फोटोले पोषणको महत्व बुझाउन सजिलो
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार** प्रकाशन
- **मूल्य :** १६ रुपैयाँ

❖ **स्तनपान : अमृत समान, बोतलपान : विष समान (पोष्टर)**

- **विवरण :** आमाको दूधले गर्ने फाइदा र बोलतमा दूध खुवाउँदा हुने बेफाइदाका बारेमा तयार गरिएको पोष्टरे

Final Draft

- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार :** प्रकाशन
- **मूल्य :** १७ रुपैयाँ

❖ **विद्यालय जाने उमेरका बालबालिकाका लागि पोषणसम्बन्धी हाते पुस्तिका**

- **विवरण :** शरीर वृद्धि गर्ने पोषणयुक्त खानेकुरा सम्बन्धमा विद्यार्थीहरूलाई लक्षित गरी तयार गरिएको हाते पुस्तिका
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार :** प्रकाशन
- **मूल्य :** १६ रुपैयाँ

❖ **रगतको कमी हुनबाट बचौं र बचाऔं (पोष्टर)**

- **विवरण :** रक्तअल्पता हुनबाट बच्नका लागि अवलम्बन गर्नुपर्ने तरिकाहरू
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार** प्रकाशन
- **मूल्य :** १८ रुपैयाँ

❖ **स्वास्थ्यका लागि चाहिने तीन किसिमका खानेकुरा (पोष्टर)**

- **विवरण :** शरीरलाई चाहिने प्रोटिन, कार्बोहाइड्रेड र चिल्लो पदार्थ पाइने सन्तुलित आहारसम्बन्धी जानकारी
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौं
- **प्रकार** : प्रकाशन
- **मूल्य :** १८ रुपैयाँ


❖ **छ महिना पूरा भएपछि बच्चालाई स्तनपानका साथसाथै थप खानेकुरा खुवाऔं (पोष्टर)**

- **विवरण :** छ महिना उमेर पुगेका बालबच्चालाई आमाको दूधका साथसाथै खुवाउनु पर्ने थप खानेकुराहरूसम्बन्धी जानकारी
- **पाइने स्थान :** Nutrition Promoation and Consultatincy Service, थापाथली, काठमाडौ
- **प्रकार** प्रकाशन
- **मूल्य १७ रुपैयाँ**

***द्रष्टव्य : पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रमलाई सिफारिस गरिएका पोषण सम्बन्धी*** *BCI Materials* ***को नमूना प्रति र मूल्य सूचि उपलब्ध गराइएको ।*** *Nutrition Promoation and Consultatincy Service ले एकैपटक ठूलो संख्यामा सामग्रीको माग गरेमा मूल्य केही सस्तो गर्न सकिने जानकारी दिएको छ ।*

Final Draft

## ❖ अगुवा कार्यकर्ताहरूका लागि आर्सेनिकसम्बन्धी तालिम सामग्री (सचित्र पुस्तिका)




- **विवरण :** आर्सेनिकबाट बच्ने उपायहरूका साथसाथै पोषणसम्बन्धी जानकारी दिने सचित्र पुस्तिका (Flip Chart)
- **पाइने स्थान :** राष्ट्रिय खानेपानी गुणस्तर निर्देशक समिति, खानेपानी तथा ढल निकास विभाग ( जिल्ला स्तरमा : खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाहरू
- **प्रकार :** प्रकाशन
- **मूल्य :** निशुल्क

## ❖ आर्सेनिक रहित पानी स्वस्थ जीन्दगानी (पोष्टर तथा स्टीकर)




- **विवरण :** कञ्चन फिल्टरबारे जानकारी दिने पोष्टर
- **पाइने स्थान :** राष्ट्रिय खानेपानी गुणस्तर निर्देशक समिति, खानेपानी तथा ढल निकास विभाग (जिल्ला स्तरमा : खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाहरू
- **प्रकार :** प्रकाशन
- **मूल्य :** निशुल्क

## ❖ आर्सेनिकसम्बन्धी सूचना सामग्रीहरू (जानकारीपत्र)




- **विवरण :** आर्सेनिकबाट बच्ने उपायहरूका साथसाथै पोषणसम्बन्धी जानकारी दिने सचित्र पुस्तिका ९ँष्ष्उ ऋज
- **पाइने स्थान :** राष्ट्रिय खानेपानी गुणस्तर निर्देशक समिति, खानेपानी तथा ढल निकास विभाग (जिल्ला स्तरमा : खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाहरू
- **प्रकार** प्रकाशन
- **मूल्य :** निशुल्क

Final Draft

❖ **आर्सेनिकसम्बन्धी रेडियो जिङ्गल तथा सन्देश तथा सूचना सामग्रीहरू**

- **विवरण :** आर्सेनिकबाट बच्ने उपायहरूबारे रेडियो जिङ्गल तथा सन्देशहरू
- **पाइने स्थान :** राष्ट्रिय खानेपानी गुणस्तर निर्देशक समिति, खानेपानी तथा ढल निकास विभाग (जिल्ला स्तरमा : खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाहरू
- **प्रकार :** Audio
- **मूल्य :** निशुल्क


❖ **आर्सेनिकसम्बन्धी सूचना सामग्रीहरू (जानकारीपत्र)**




- **विवरण :** आर्सेनिक सम्बन्धी जानकारी, आर्सेनिक परीक्षण गर्ने केन्द्रिय र क्षेत्रीय स्तरका ठाउँहरुको सूचि
- **पाइने स्थान :** राष्ट्रिय खानेपानी गुणस्तर निर्देशक समिति, खानेपानी तथा ढल निकास विभाग (जिल्ला स्तरमा : खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाहरू
- **प्रकार** प्रकाशित
- **मूल्य** : निशुल्क


९. **<u>परिमार्जन सहित प्रयोग गर्न सिफारिस गरिएका विद्यमान BCI सामग्रीहरू</u>**

❖ **किताबको गाता (Cover Page) मा नाम लेख्ने स्टीकर**




- **विवरण :** विद्यार्थीहरूलाई लक्षित गरी निर्माण गरिएको स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनसम्बन्धी विभिन्न सन्देशहरू राखी पुस्तकमा राख्न बनाइएको सामग्री
- नयाँ शैक्षिक सत्र शुरु हुने बेलामा पुस्तक विक्रेताहरूलाई निशुल्क वितरणका रूपमा दिन सकिने
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** आकार (Size) र अक्षर बढाउनु पर्ने, कुनै पनि प्रतीक चिन्ह (Logo) र अभियानको नारा नलेखी स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन ल्याउने सम्बन्धी नारा लेख्नुपर्ने

❖ **दिसा मुखमा पर्ने माध्यमहरू** (F Diagram) (**पोष्टर**)




- **विवरण :** हात, माटो र सागसब्जी, फोहोर पानी, पशुपन्छी, झिँगा आदिका माध्यमबाट मानिसका मुखमा दिसा कसरी पर्छ भन्ने चित्रात्मक विवरण
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** निरोगी बच्चाको चित्र सँगसँगै उक्त बच्चा बिरामी भएको चित्र राख्नु पर्ने
- **प्रकार :** Electronic Version

Final Draft

- **मूल्य :** निशुल्क

❖ **हाम्रो घरमा चर्पी छ, यसमा हामीलाई गर्व छ (पोष्टर)**




- **विवरण :** बच्चालाई चर्पी प्रयोग गर्न लैजाँदै र साबुन पानीले हात धुन सिकाउँदै गरेको
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ लेखिएको वाक्याँश हटाउनु पर्ने
- **पाइने स्थान :** युनिसेफ तथा खानेपानी तथा ढल निकास विभाग

❖ **साबुन पानीले हात धोऔं, झाडापखालाबाट बचौं (पोष्टर, जानकारीपत्र तथा Flip Chart)**




- **विवरण :** कुन समयमा र कसरी साबुन पानीले हात धुनु पर्छ भन्नेबारेको सचित्र जानकारी
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** 'कमसे कम तीन पटक मिचीमिची हात धुने' भन्ने वाक्यांश हटाउनु पर्ने (हात धुने कुरालाई पटकमा सीमित राख्नु नहुने) यसको ठाउँमा 'साबुन पानीले मिचिमिची हात धुने' भन्ने वाक्य राखेर यी सामग्री प्रयोग गर्नुपर्ने




- **पाइने स्थान :** युनिसेफ तथा खानेपानी तथा ढल निकास विभाग
- **प्रकार :** पोष्टर, जानकारीपत्र, फ्लिप चार्ट
- **मूल्य :** निशुल्क

Final Draft

❖ **चर्पीको प्रयोग किन गर्ने ?**





- **विवरण :** चर्पी नहुँदा मानिसले भोग्नु पर्ने विभिन्न समस्याहरूलाई चित्रमा देखाइएको
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** चर्पी नहुँदा के कस्तो समस्या व्यहोर्नु पर्छ भन्ने विवरण दिएर चर्पीले यी सबै समस्याको समाधान गर्छ भन्ने चित्रात्मक प्रस्तुती राख्नुपर्ने, बिरामी, सुत्केरी, महिनावारी भएका महिला, बालबालिका र वृद्धावस्थाका मानिसहरूको चित्र अलग अलग बनाउनु पर्ने
- **पाइने स्थान :** युनिसेफ, खानेपानी तथा ढल निकास विभाग, नेवा
- **प्रकार : प्रकाशन र** electronic **दुवै**
- **मूल्य :** निशुल्क

***द्रष्टव्य :यस सम्बन्धी अलग अलग चित्र पनि उपलब्ध छन् । तालिम, चेतनामूलक कार्यक्रम आदिमा यिनको प्रयोग गर्न सकिन्छ । तर यिनको प्रयोग चर्पी प्रयोग नगर्दा हुने बेफाइदाका बारेमा व्याख्या गर्दा बताउनु राम्रो हुन्छ ।***

❖ **स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तनसम्बन्धी स्टीकर**

- **विवरण :** विशेष गरी सार्वजनिक यातायातका यात्रुहरुले भोग्नु परेको सरसफाइसम्बन्धी समस्यालाई लक्षित गरी तयार गरिएको स्टीकर
- **परिमार्जन गर्नुपर्ने क्षेत्र :** प्रकाशन गर्ने संस्थाको नाम हटाउनु पर्ने
- **चित्र पाइने स्थान :** नेवा



१०. **खानेपानी स्वस्थ तथा सरसफाइ सम्बन्धी आनीबानी परिवर्तनका लागि नयाँ बनाउन सिफारिस गरिएका BCI Materials हरु**

❖ **स्वस्थ र सरसफाइसम्बन्धी आनीबानीमा पूर्ण परिवर्तन** (TBC) **कार्यकर्ताहरुले प्रयोग गर्ने सचित्र पुस्तिका** (Flip Chart)

- खानेपानी, व्यक्तिगत, घरायसी तथा वातावरणीय स्वच्छता र सरसफाइ प्रवर्धनका लागि व्यक्तिगत तहमा गर्न सकिने स सान कार्यहरु (Small Doable Action) बारे प्रकाश पार्ने किसिमका सन्देशहरु राख्ने । जस अन्तर्गत मुख्यत: देहायबमोजिमका सन्देशहरु समावेश हुनेछन् :
    - मुहानदेखि मुखसम्म खानेपानीलाई सफा राख्ने विधिहरु तथा पानी सुद्धिकरण गर्ने उपायहरु
    - चर्पीको उचित प्रयोग तथा दिसाको उचित विसर्जन
    - व्यक्तिगत सरसफाइका विविध पक्षबारे प्रकाश
    - घरायसी फोहोर व्यवस्थापन
    - सुधारिएको चुलोको प्रयोगबाट हुने फाइदाहरु
    - पुनर्जलीय उपचारबारे प्रकाश र उपचारको तरिका


❖ **सरसफाइको अभावले भइरहेको क्षति र यसको रोकथामबारे पुस्तिका**

- सरसफाइको अभावले व्यक्ति, समाज तथा मुलुकले ठूलो व्ययभार वहन गरिरहेको र सरसफाइमा गरिएको एक रुपैयाँ लगानीबाट आठ रुपैयाँ प्रतिफल पाइन्छ भन्ने तथ्यलाई सरल तरिकाले बुझाउने जानकारीपत्र

Final Draft

## ❖ ट्रिगरिङ विधिसम्बन्धी पोष्टर तथा सन्देश

- खुल्ला ठाउँमा दिसा गर्दा के कस्तो समस्यामा परिन्छ, घरमा चर्पी नहुँदा के कस्ता शारीरिक, मानसिक र स्वास्थ्य सम्बन्धी समस्याहरु व्यहोर्नु पर्छ, हामी पशुको जुनीबाट कसरी मानव जुनीमा बदलिन सक्छौं आदिबारे पोष्टर तथा रेडियो कार्यक्रम । केही नमूनाहरु यहाँ दिइएको छ :(स्रोत : Feedback Venture, India)




## ❖ सरसफाइ परिचयपत्र

- स्वच्छता र सरसफाइसम्बन्धी आनीबानीलाई दिगो किसिमले अवलम्बन गरेका घर परिवारलाई राज्यका तर्फबाट दिइने सरसफाइ परिचयपत्र, जसमा सरसफाइसम्बन्धी सन्देशहरु लेखिएका हुनेछन् । जिविसको निर्णयद्वारा यो परिचयपत्रवाहकलाई बैंक ऋण, नागरिकता प्राप्ति आदि विषयमा प्राथमिकता दिने निर्णय गर्न सकिन्छ । (यो प्रावधानलाई व्यवहारमा लागू गर्न स्थानीय सरकारसँग छलफल गर्नु आवश्यक छ)

## ❖ होर्डिंङ बोर्ड

- जिल्ला, गाविस तथा समुदायको प्रवेशद्वारमा स्थानीय परिवेश सुहाउँदो चित्र तथा सन्देश सहितको होर्डिङ बोर्ड

Final Draft

# अनुसूचि १

## विभिन्न दिवस तथा कार्यक्रमहरुका लागि गर्नु पर्ने सञ्चार अभिमुखीकरण तथा कार्यक्रम सम्बन्धी कार्ययोजना

| क्रम | कार्य विवरण | समन्वय गर्नु पर्ने निकाय | समय | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी, स्वस्थ तथा सरसफाइ सम्बन्धी समुदायको अगुवाईमा पूर्ण व्यवहार परिवर्तनसँग सम्बन्धित विषयवस्तुबारे सञ्चारकर्मीहरूलाई अभिमुखीकरण | नेपाल पत्रकार महासंघ, जिल्ला शाखा | जिल्ला WASH इकाइले निर्धारण गर्ने | युवा तथा नयाँ सञ्चारकर्मीहरूलाई प्राथमिकता दिइनेछ |
| २. | विश्व पानी दिवसमा खानेपानी र सरसफाइसम्बन्धी सञ्चार अभिमुखीकरण | खानेपानी तथा ढल निकास विभाग | प्रत्येक वर्षको १७ मार्च भित्र | यो दिवस प्रत्येक वर्षको २२ मार्चमा पर्दछ |
| ३. | विश्व स्वास्थ्य दिवसमा स्वास्थ्य र सरसफाइसम्बन्धी सञ्चार अभिमुखीकरण | नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग | प्रत्येक वर्षको अप्रिल २ भित्र | यो दिवस प्रत्येक वर्षको अप्रिल ७ मा पर्दछ |
| ४. | विश्व वातावरण दिवसमा सरसफाइ पक्षको सञ्चार अभिमुखीकरण | नेपाल सरकार, वातावरण मन्त्रालय, नेपाल वात्रावरण पत्रकार समूह | प्रत्येक वर्षको जुन १ भित्र | यो दिवस प्रत्येक वर्षको जुन ५ मा पर्दछ |
| ५. | विश्व हात धुने दिवससम्बन्धी सञ्चार अभिमुखीकरण | युनिसेफ | प्रत्येक वर्षको १० अक्टोबरभित्र | यो दिवस प्रत्येक वर्षको १५ अक्टोबर १मा पर्दछ |
| ६. | विश्व चर्पी दिवस सम्बन्धी सञ्चार अभिमुखीकरण | World Toilet organization | प्रत्येक वर्षको १५ नोभेम्बरभित्र | यो दिवस प्रत्येक वर्षको १९ नोभेम्बरमा पर्दछ |
| ७. | राष्ट्रिय सरसफाइ सप्ताह | राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति | सप्ताह सुरु हुनुभन्दा ५ दिन अघि | यो सप्ताह समितिले निर्णय गरे बमोजिम मनाइने गरिन्छ |

Final Draft

| | | | | |
|---|---|---|---|---|
| ८. | यातायात व्यवसायीहरूको अभिमुखीकरण | नेपाल यातायात व्यवसायी महासंघ, जिल्ला शाखा | जिल्ला WASH इकाइले निर्धारण गर्ने | |
| ९. | चौथो दक्षिण एशियाली मन्त्रिस्तरीय सरसफाइ सम्मेलनमा नेपालद्वारा प्रस्तुत गरिने राष्ट्रिय कार्यपत्रमा नागरिकहरुको आवाज समेट्नका लागि जिल्ला स्तरीय कार्यशाला | खानेपानी तथा ढल निकास विभाग, वातावरणीय सरसफाइ शाखा | २०१० नोभेम्बर महिनाभित्र | SACOSAN IV फेब्रुअरी २०११ मा श्रीलङ्कामा हुँदैछ |
| १०. | चौथो दक्षिण एशियाली मन्त्रिस्तरीय सरसफाइ सम्मेलन फेब्रुअरी २०११ बाट पारित घोषणापत्रका बारेमा सञ्चार माध्यम तथा समुदायलाई जानकारी प्रदान | सरसफाइसम्बन्धी राष्ट्रिय कार्य सञ्चालन समिति/खानेपानी तथा ढल निकास विभाग, वातावरणीय सरसफाइ शाखा | २०१० मार्च महिनाभित्र | |

Final Draft

# रेडियो सन्देशका उदाहरणहरू

## खानेपानी व्यवस्थापन तथा पानीजन्य रोगहरूबाट बचावट

- पानी जहिले पनि प्राकृतिक रुपमै प्रदूषित हुने संभावना हुन्छ तर यसको जोखिम कम हुन्छ। मानिसद्वारा सिर्जित गरिएको वातावरणबाट भएको प्रदूषण बढी जोखिमयुक्त हुन्छ। पानी प्राकृतिक रुपमै सफा हुन्छ भन्ने परम्परागत मान्यता एक चुनौती हो।
- कुनै पनि मानिस (दलित, वा महिला) आफैंमा प्रदूषित/फोहोरी हुँदैनन्। सबै मानिसको पानीमा अधिकार हुन्छ र कुनै पनि लिङ्ग र जातिका मानिसलाई पानी उपलब्ध गराउनु पर्दछ। जाति व्यवस्था (छुवाछुत) वि.सं. २०१९ सालमै प्रतिबन्धित भइसकेको छ र छुवाछुतका परम्परागत चलन र नियमहरू पुराना भइसकेका छन्।
- पानी सफा देखिए तापनि यो सधैं सफा नहनु पनि सक्छ : यसमा रोगका कारकका रुपमा रहेका नाङ्गो आँखाले नदेखिने कीटाणु तथा जीवाणु (ब्याक्टेरिया) हुन सक्छन्।
- हैजा, आउँमासी, झाडापखाला (पानीमा हुने ब्याक्टेरिया, जुका, परजीवीले गर्दा लाग्ने रोगव्याधि) हुनु सामान्य अवस्था होइन र यो प्रदूषित र असुद्ध पानीकै कारणले गर्दा हुन्छ।
- झाडापखाला, हैजा, आउँमासी, जुका र परजीवीबाट बच्नका लागि पिउने पानी उमालिएको (र राम्ररी छानिएको/फिल्टर गरिएको) हुनै पर्दछ। (दाउराको बचत गर्न तथा पानीलाई सफा राख्नका लागि पानी उमाल्दा पानीको भाँडोलाई बिर्कोले छोप्न बिर्सनु हुँदैन)।
- यदि तपाई आफ्ना वस्तुभाउका लागि कुँडो उमाल्न सक्नुहुन्छ भने आफ्ना बालबच्चा र पूरै परिवारका लागि खानेपानी पनि उमालेर खान सक्नुहुन्छ !
- गाई भैंसीको दूधमा कहिल्यै पनि फोहोर/प्रदूषित पानी नमिसाउनुहोस् र त्यस्तो दूध खाने वा बेच्ने पनि नगर्नुहोस्, यसले रोग निम्त्याउँछ।
- यदि तपाईंले सुरक्षित/उमोलेको पानी पिउनु भयो भने तपाईं स्वस्थ हुनुहुनेछ, राम्ररी काम गर्न, उत्पादन गर्न र पैसा कमाउन सक्नुहुनेछ, र तपाईले औषधिमा खर्च हुने ठूलो धनराशि जोगाउन सक्नुहुनेछ।
- यदि तपाईंले आफ्ना बालबच्चालाई सुरक्षित पानी (धुलो दूधमा घोलेर वा खानेपानीकै रुपमा) खुवाउनु भयो भने तपाईंका बालबच्चा बिरामी हुँदैनन् र राम्ररी हुर्किन्छन्।
- पानी सधैं चीसो र सफा ठाउँमा संभव भएसम्म माटो वा पित्तलका भाँडाकुँडा (गाग्री) मा राख्ने गर्नुहोस् (प्लाष्टिकका भाँडाकुँडामा राखिएको पानीमा ब्याक्टेरियाहरू छिटो बढ्छन् र ती भित्रपट्टि कहिल्यै पनि सफा हुँदैनन्)। पानी राखेका भाँडाकुँडा सधैं छोपेर राख्नुहोस्, ता कि त्यसमा झिँगा भन्किन वा चराचुरुङ्गी र पाल्तु जनावरले फोहोर गर्न/खान नपाओस्
- खानेकुरा पस्किनु/खानु अघि भान्सामा प्रयोग गरिने तथा खाना खाने भाँडाकुँडा, गिलास र थाल बटुकालाई सफा र सुक्खा सुती कपडाको तौलियाले पुछेर सुख्खा/ओभानो बनाउनुहोस्।
- लामखुट्टे (औलो र डेँगु ज्वरो फैलाउने) फैलिन/वृद्धि हुन नदिन भान्साबाट निस्केको फोहोर वानी वा अन्य पानीलाई घर छेउछाउमा जम्न नदिनुहोस्।

Final Draft

- यदि झाडापखाला भएको छ भने त्यसको उपचारका लागि "नुन-चिनी-पानी" खाने/खुवाउने गरिएको छ भने पानी सफा र सुरक्षित (बोतलको मिनरल वाटर वा उमालेको पानी) भएको सुनिश्चित गर्नुहोस् ! अथवा औषधि पसलबाट जीवनजल पनि किन्न सकिन्छ । यसको मूल्य दश रुपैयाँ मात्रै हो, तर यसमा प्रयोग गरिने पानी चाहिँ सुरक्षित भएको सुनश्चित गर्नुहोस् ।
- जमेको कुवा वा धारामा प्रयोग गरी बगेको पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने गर्दछ । यस्तो पानीको पुनः प्रयोग गर्नु आवश्यक हुन्छ । यस्तो पानी सिंचाईका लागि बारीमा वा बगैंचामा प्रयोग गर्नुहोस् ।
- साबुन पानीले हात धुनुहोस् - यसले फोहोर पानीमा रहेका कीटाणु र ब्याक्टेरिया मार्दछ । पानीले मात्र हात धुनु रोगहरूबाट बच्नका लागि पर्याप्त हुँदैन ।
- तपाईंले साबुन किन्न वा पानी उमाल्नका लागि चाहिने इन्धन किन्न खर्च गरेको पैसा पानीजन्य रोगव्याधिबाट बच्नका लागि स्वास्थ्यको हेरविचार गर्न वा औषधि किन्न खर्च गर्ने पैसा भन्दा कमै हुन्छ ।
- फोहोर/प्रदूषित पानीमा पखालेको काँचो खानेकुरा (चुकन्दर, फलफूल र काँचै खान सकिने अन्य सागपात/सब्जी) नखानुहोस् । खानेकुरा पकाएर मात्र खाने गर्नुहोस् र काँचै खाने खानेकुराहरू पखाल्न र भाँडाकुँडा माझ्न/सफा गर्न सधैं सफा पानी प्रयोग गर्नुहोस् ।
- फोहोर पानी प्रयोग गरेर जाँड रक्सी नबनाउनुहोस् (यो उमाल्नै पर्दछ)

**आर्सेनिक प्रद्रूषित खानेपानी :**

- आर्सेनिकले तुरुन्तै देखिने खालका प्रभाव पार्दैन । आर्सेनिक मिश्रित पानीको दीर्घकालीन प्रयोग घातक हुनसक्छ यसले छालासम्बन्धी रोग उब्जाउन सक्छ र मानिस र जनावरको शरीरमा नकारात्मक असर पु¥याउँछ ।
- आर्सेनिकले प्रदूषित भएको पानी उमाल्दा पनि त्यसमा भएको आर्सेनिक विष रहिरहन्छ ।
- आर्सेनिकले कपाल/रौं कडा (जर्रो) हुने होइन । क्याल्सियमले कपाल/रौंलाई कडा बनाउँछ ।
- आर्सेनिक खाद्यबाटो (पानीबाट सागसब्जी र फलफूल) हुँदै मानिस र जनावरको शरीरसम्म पुग्न सक्छ ।
- आर्सेनिक जमिनको निश्चित भौगर्भिक अवस्थामा हुने प्राकृतिक रासायनिक प्रक्रियाबाट वा प्रदूषणको परिणामस्वरुप (रासायनिक मल र विषदीको प्रयोग आदि) जस्ता कारणबाट पैदा हुन्छ ।
- तपाईंले आर्सेनिक फिल्टर किन्न खर्च गर्नु भएको पैसा तपाईंले आर्सेनिकका प्रभावबाट बच्नका लागि गर्ने स्वास्थ्य स्याहार र औषधिका लागि खर्च गर्ने पैसा भन्दा कम नै हुन्छ, र बिरामी भएर काम गर्न वा उत्पादन गर्न नसकेर हुने क्षतिभन्दा पनि यो कम हुन्छ ।
- आफ्नो बायो-स्याण्ड फिल्टरलाई सफा र दुरुस्त राख्नुहोस् नत्र यसले काम गर्दैन, र तपाईंले खाने पानी स्वादिलो हुँदैन !
- आर्सेनिक फिल्टरले पानी चिस्याउने वा पानीलाई स्वादिलो बनाउने होइन, यसले त पानीमा भएको आर्सेनिकजन्य विषलाई हटाउने मात्र हो ।

Final Draft

**वर्षे/आकाशे पानी संकलन :**

- वर्षे पानी नउमालीकन खानु हुँदैन ।
- संकलन ट्याङ्की, भाँडा, पाइपहरू आदि सफा र दुरुस्त राख्नु पर्दछ ।
- तपाईंका बाबच्चा वा पाल्तु जनावरहरू वर्षे पानी संकलन गरिएको ट्याङ्की वा भाँडामा पर्न नदिने उपायहरू अवलम्बन गर्नुहोस् । बालबच्चाको ख्याल गर्नुहोस् ।
- यदि वर्षे पानी संकलन ट्याङ्की, भाँडाकुँडा आदिमा लगानी गर्नुहुन्छ भने एउटा झुल पनि किन्नुहोस् । किनभने पानीमा लामखुट्टले फुल पार्छ ।
- संभव भएमा संकलन भएको वर्षे पानी आगामी सुक्खा मौसमका लागि साँचेर राख्नुहोस् ।

Final Draft